**मिति २०७९ श्रावण ३ गते मंगलबार (वि.सं.२०७९।४।३) तुलसीपुर उपमहानगरपालिकाको प्रथम कार्यपालिका बैठका निर्णयहरु :**

## निर्णय नं. १

तुलसीपुर उपमहानगरपालिकाको बिभिन्न बिषयमा आवश्यक कानुनी राय परामर्श प्रदान गर्नका लागि तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ बस्ने बिद्वान अधिबक्ता श्री पुस्कर बहादुर भण्डारी लाई मासिक रु. २५०००।(पच्चिस हजार मात्र) पारीश्रमिक पाउने र मिति २०७९ श्रावण १ गते देखि लागू हुने गरी यस तुलसीपुर उपमहानगरपालिकाको कानुनी सल्लाहकार नियुक्त गर्ने निर्णय गरियो।

## निर्णय नं. २

तुलसीपुर उपमहानगरपालिकामा विगत अ.व. ०७७।०७८ को अन्तिम चौमासिकमा दाङ जिल्ला कोभिड संकट व्यवस्थापन समितिको निर्णय तथा तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको मिति २०७८।१।२९ मा वसेको को १०८ औ वैठकको निर्णय अनुसार दोश्रो भेरियन्टको कोभिड संक्रामक महामारी विरूद्ध तुलसीपुर ८, अश्वारामा संचालित भिमसेन शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र (प्रस्तावित तुलसीपुर मेट्रो अस्पताल) भवनमा कोभिड संक्रमीतहरूको उपचार व्यवस्थापनका लागि उच्चस्तरीय सघन अक्सीजन उपचार (एच.डि.यू.) सेवा संचालन हुदै आएको र हाल देशभर लगायत स्थानीयस्तरमा कोभिडको जोखिम न्युन वा नगन्य प्राय रहेको अवस्था छ । चालु अ.व. ०७८।०७९ को असार मसान्त पश्चात तहाँ कार्यरत कर्मचारीको करार सेवाको म्याद स्वतः समाप्त भएको, तुलसीपुर उपमहानगरपालिका जनस्वास्थ्य प्रवर्द्धन शाखा अन्तर्गत संघीय सरकार, स्वास्थ्य तथ जनसंख्या मन्त्रालयको सशर्त वजेट, कार्यक्रम तथा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र संचालन निर्देशिका २०७४ बमोजिम तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ मा स्थापना भै संचालनमा रहेको तुलसीपुर भिमसेन शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाइ स्तरन्नोती गरी विशेषज्ञ सेवा सहित १५ शैया अस्पताल संचालन गर्ने निर्णय र आ.व. ०७८।०७९ मा १० औं नगरसभावाट सो अस्पतालको विधिवत् स्थापना तथा सन्चालनार्थ तुलसीपुर भिमसेन मेट्रो अस्पताल स्थापना, संचालन तथा व्यवस्थापन ऐन २०७८ (प्रशासनिक तथा आर्थिक विनियम सहित) पारित भैसकेको र चालु आ.व. ०७९।०८० को तुलसीपुर उपमहानगरपालिकाको प्रथम नगरसभा (क्रमागत एघारौ नगरसभा) मा सो अस्पतालवाट विशिष्ट सेवा (जनरल सर्जरी तथा स्त्री प्रसुति रोग सेवा) संचालन गर्नेगरि आवश्यक वजेट विनियोजन भएकोले अर्को व्यवस्था नभएसम्मका लागि उपलव्ध श्रोतको आधार र सेवा व्यवस्थापनलाइ दृष्टिगत गरि तपसिल वमोजिमका करार सेवाका दरवन्दी दरबन्दी





टिकाराम खड्का
नगर प्रमुख

...मोहन पौडेल
...अधिकृत

स्वीकृत गरी तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा कर्मचारी छनोट तथा पदपुर्ति समिति गठन गरि तुलसीपुर उपमहानगरपालिकाको प्राविधिक कर्मचारी करार सेवामा लिने सम्वन्धि कार्यविधि २०७५ को अधिन मा रहि हाललाई आन्तरिक प्रतिस्पर्धाको प्रकृयावाट मात्र कर्मचारी छनोट गरि औपचारिक रूपमा सेवा संचालनं गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १.अस्पतालमा कायम गरिनुपर्ने करार सेवाका दरवन्दीहरू:**

| क्र.सं. | पदको नाम | विशेषज्ञता क्षेत्र | तह | संख्या | न्युनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | जनरल सर्जन | जनरल सर्जरी | नवौ | १ | सम्वन्धित विषयमा स्नातकोत्तर गरि नेपाल चिकित्सा परिषदमा दर्ता भएको |
| २ | स्त्री प्रसुति रोग विशेषज्ञ | स्त्री प्रसुति | ,, | १ | ,, |
| ३ | मेडिकल अधिकृत | सा. चिकित्सा | आठौ | ३ | सम्वन्धित विषयमा स्नातक गरि नेपाल चिकित्सा परिषदमा दर्ता भएको |
| ४ | नर्सिङ अधिकृत | जनरल नर्सिङ | छैठौ | १ | सम्वन्धित विषयमा स्नातक गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको |
| ५ | स्टाफ नर्स | ,, | पाँचौ | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको |
| ६ | हे..अ. | हे.इं. | ,, | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| ७ | फार्मेसी असिस्टेन्ट | फार्मेसी | ,, | २ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| ८ | रेडियोग्राफर | रेडियोग्राफि | ,, | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| ९ | ल्याव टेक्नीसियन | मे.ल्या.टे. | ,, | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| १० | अ.न.मी. | क.न. | चौथो | २ | सम्वन्धित विषयमा टि.एस.एल.सी. वा अ.न.मी. पास गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको |
| ११ | अ.हे.व. | हे.इ. | ,, | २ | सम्वन्धित विषयमा टि.एस.एल.सी. वा सि.एम.ए पास गरि नेपाल स्वा.व्य. परिषदमा दर्ता भएको |
| १२ | ल्याव असिस्टेन्ट | ,, | ,, | १ | सम्वन्धित विषयमा टि.एस.एल.सी. वा ल्या.अ. पास गरि नेपाल स्वा.व्य. परिषदमा दर्ता भएको |
| १३ | रजिष्ट्रेसन सहायक | विविध | तेश्रो | २ | कम्प्युटर विषयमा टि.एस.एल.सी. वा प्रमाणपत्र |



मोहन पा...
प्रमुख प्रशासकीय अ...

टिकाराम खड्का
नगर प्रमुख

**मिति २०७९ श्रावण ३ गते मंगलबार (वि.सं.२०७९।४।३) तुलसीपुर उपमहानगरपालिकाको प्रथम कार्यपालिका बैठका निर्णयहरु :**

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पास गरि कम्प्युटरमा डिप्लोप तालिम लिएको |
| १४ | एनेस्थेसीया सहायक | हे.इ. | पाँचो | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| १५ | को.चे.अ. | ,, | चौथो | १ | सम्वन्धित विषयमा टि.एस.एल.सी. वा सि.एम.ए पास गरि नेपाल स्वा.व्य. परिषदमा दर्ता भएको |
| १५ | सुरक्षा गार्ड | श्रेणीविहीन | | २ | सुरक्षा सम्वन्धि तालीम लिएको र स्वस्थ |
| १६ | स्वीपर/कार्यालय सहयोगी | श्रेणीविहीन | | ५ | आधारभूत शिक्षा लिएको वा साधारण लेखपढ |
| १७ | एम्वुलेन्स चालक | ,, | | १ | प्राथमिक चिकित्सा तालिम,स.चा.अनुमति प्राप्त |

आन्तरिक छनौट परिक्षावाट लिइने पद, तह तथा संख्या:

| क्र.सं. | पदको नाम | विशेषज्ञता क्षेत्र | तह | संख्या | न्युनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | जनरल सर्जन | जनरल सर्जरी | नवौ | १ | सम्वन्धित विषयमा स्नातकोत्तर गरि नेपाल चिकित्सा परिषदमा दर्ता भएको |
| २ | मे.अ. | सामान्य चिकित्सा | आठौ | २ | सम्वन्धित विषयमा स्नातक गरि नेपाल चिकित्सा परिषदमा दर्ता भएको |
| ३ | स्टाफ नर्स | ज.न. | पाँचौ | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको |
| ४ | हे..अ. | हे.इं. | ,, | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| ५ | ल्या. टे. | मे.ल्या.टे. | ,, | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| ६ | अ.न.मी. | क.न. | चौथो | २ | सम्वन्धित विषयमा टि.एस.एल.सी. वा अ.न.मी. पास गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको |
| ७ | अ.हे.व. | हे.इ. | ,, | २ | सम्वन्धित विषयमा टि.एस.एल.सी. वा सि.एम.ए पास गरि नेपाल स्वा.व्य. परिषदमा दर्ता भएको |
| ८ | सुरक्षा गार्ड | श्रेणीविहीन | | २ | सुरक्षा सम्वन्धि तालीम लिएको र स्वस्थ |
| ९ | स्वीपर/का.स. | श्रेणीविहीन | | ५ | आधारभूत शिक्षा लिएको वा साधारण लेखपढ |
| | | | | १७ | |

टिकाराम खड्का
नगर प्रमुख

(३) मोहन पौडेल

**मिति २०७९ श्रावण ३ गते मंगलबार (वि.सं.२०७९।४।३) तुलसीपुर उपमहानगरपालिकाको प्रथम कार्यपालिका बैठका निर्णयहरु :**

खुल्लावाट लिइने पद, तह तथा संख्या:

| क्र.सं. | पदको नाम | विशेषज्ञता क्षेत्र | तह | संख्या | न्युनतम योग्यता |
|---|---|---|---|---|---|
| १ | स्त्री प्रसुति रोग विशेषज्ञ | स्त्री प्रसुति | ,, | १ | सम्वन्धित विषयमा स्नातकोत्तर गरि नेपाल चिकित्सा परिषदमा दर्ता भएको |
| २ | मेडिकल अधिकृत | सामान्य चिकित्सा | आठौं | १ | सम्वन्धित विषयमा स्नातक गरि नेपाल चिकित्सा परिषदमा दर्ता भएको |
| ३ | नर्सिङ अधिकृत | जनरल नर्सिङ | छैठौं | १ | सम्वन्धित विषयमा स्नातक गरि नेपाल नर्सिङ परिषदमा दर्ता भएको |
| ४ | फार्मेसी असिस्टेन्ट | फार्मेसी | पाँचौं | २ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| ५ | रेडियोग्राफर | रेडियोग्राफि | ,, | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| ६ | ल्याव असिस्टेन्ट | ,, | ,, | १ | सम्वन्धित विषयमा टि.एस.एल.सी. वा ल्या.अ. पास गरि नेपाल स्वा.व्य. परिषदमा दर्ता भएको |
| ७ | रजिष्ट्रेसन सहायक | विविध | चौथो | २ | कम्प्युटर विषयमा टि.एस.एल.सी. वा प्रमाणपत्र पास गरि कम्प्युटरमा डिप्लोप तालिम लिएको |
| ८ | एनेस्थेसीया सहायक | हे.इ. | पाँचौं | १ | सम्वन्धित विषयमा प्रमाणपत्र तह पास गरि नेपाल स्वा. व्यवसायी परिषदमा दर्ता भएको |
| ९ | एम्वुलेन्स चालक | श्रेणीविहिन | | १ | प्रा.उ.तालिम प्राप्त । ह.स.चा. अनुमति प्राप्त |

टिकाराम खड्का
नगर प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७९ श्रावण ३ गते मंगलबार (वि.सं.२०७९।४।३) तुलसीपुर उपमहानगरपालिकाको प्रथम कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. ३**

साबिकमा बिभिन्न कार्यक्रम अन्तरगत रहेका कोषहरु यस तुलसीपुर उपमहानगरपालिकामा हस्तान्त्रण भएको र कतिपय कोषहरु अब्यवस्थित भई रकम समेत डुबेको अवस्था रहेको,कतिपय कोषमा कार्यरत कर्मचारीहरु यस कार्यालयमा समायोजन भएकोले त्यस्ता कर्मचारीहरुलाई नगरकार्यपालिकाको कार्यालयबाटै पारिश्रमिक उपलब्ध गराई निजहरुलाई त्यस्ता कोषहरुको परिचालनकै जिम्मेवारी दिने र यस उपमहानगरपालिकामा हस्तान्त्रण भई ब्यवस्थित हुन नसकेका कोषको आर्थिक तथा ब्यवस्थापकीय पक्षको वास्तविक अध्ययन बिश्लेषण गरी प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १.श्री माधव वली | संयोजक |
| २.श्री शंकर कुमार खडका | सदस्य |
| ३.श्री लक्ष्मण विश्वकर्मा | सदस्य |
| ४.श्री यमुना परियार | सदस्य |
| ५.श्री बसन्ता के.सी. | सदस्य |
| ६.श्री शिब कुमार शर्मा | सदस्य |
| ७. श्री टोप बहादुर डागी | सदस्य |

**निर्णय नं. ४**

तुलसीपुर उपमाहानगरपालिका क्षेत्र भित्र वर्षायामका साथै अन्य प्रकोपका कारण विपत बाट भएको क्षतीका लागी पिडीत घरपरीवारलाई क्षतिको अबस्था हेरी तपसील बमोजिमको मापदण्ड बमोजिम राहात उपलब्ध गराउने निर्णय गरीयो

**तपसील**

१.**घर गोठ भत्कीयको/आगलागी रु.२५०००।**

**२.खाद्यान्न तथा विउबिजन** : रु ५०००। तथा मालोपोत छुट ।

**३.गाईगोरु** : प्रति गोटा रु ३०००। वा अधिकतम रु २५०००।

**४ भैसी/रागा:** प्रतिगोटा रु५००० वा अधिकतम रु २५०००।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

मोहन पौडेल प्रशासकीय अधिकृत

**मिति २०७९ श्रावण ३ गते मंगलबार (वि.सं.२०७९।४।३) तुलसीपुर उपमहानगरपालिकाको प्रथम कार्यपालिका बैठका निर्णयहरु :**

**५.कुखुरा/हांस पन्छीजन्य:** प्रतिगोटा रु १००। वा अधिकतम रु २५०००।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ स्याउलीबजारमा भारतीय नम्बर प्लेटको गाडिभित्र मृत्यु भएका तुलसीपुर उपमहानगरपालिका वडा नं. ६ को ३ जना बालबालिकाहरुका परिवारजन लाई प्रति रु ५०००००।(पांच/पांच लाख) राहत रकम उपलब्ध गराईदिनका लागि जिल्ला प्रशासन कार्यालय मार्फत सम्बन्धीत निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिक वडा नं. १३ मा सञ्चालनमा रहेको फुलबारी स्वास्थ्य चौकी लाई क बर्गको (१५ बेडका) भवन निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिहदरबार काठमाण्डौमा आवश्यक रकम माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको मिति २०७९।३।१३ गते बसेको नगरकार्यपालिकाको निर्णय नं. २ बाट वडा नं. ९ र ६ मा सञ्चालन भएको अटो भिलेजको भाडादर सम्बन्धमा अध्ययन गर्न गठित समितिको प्रतिवेदन स्वीकृत गरी सोहि बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १४ मा सञ्चालित स्वास्थ्य चौकीलाई स्तरउन्नती गर्न २ कोठे पक्कि भवन निर्माणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आवश्यक रकम माग गर्ने निर्णय गरियो ।

टिकाराम खड्का
नगर प्रमुख

मोहन पोख्रेल
प्रमुख प्रशासकीय अधिकृत